*रोहिणी गाउँपालिकाको आधिकारीक त्रैमासिक प्रकाशन*

# रोहिणी गाँउपालिका बुलेटिन

*स्वच्छ रोहिणी समृद्ध रोहिणी*

वर्ष: १ | अङ्क: ४ | महिना: बैशाख, जेष्ठ, असार | मिति :२०८३/४/१५

## बेरोजगार व्यक्तिहरूलाई परिचालन गरी काममा खटाइएको



प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सूचीकृत बेरोजगार व्यक्तिहरूलाई विभिन्न विकास निर्माणका आयोजनामा परिचालन गरेको छ। गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरूको रंगरोगन, कुलो मर्मत, कृषि बाटो मर्मत तथा पोखरी मर्मतलगायतका आयोजनामा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई खटाइएको छ । यस कार्यक्रममार्फत स्थानीय स्तरमा



रोजगारी सिर्जना गर्नुका साथै सार्वजनिक पूर्वाधारको संरक्षण, मर्मत तथा विकासमा टेवा पुगेको छ। गाउँपालिकाले यस्ता श्रममूलक आयोजनामार्फत स्थानीय बेरोजगार नागरिकलाई रोजगारीको अवसर प्रदान गर्दै विकास निर्माणका कार्यलाई प्रभावकारी रूपमा अघि बढाइरहेको छ।

## लघु उद्यमबाट सीप विकास तालिम प्रदान

रोहिणी गाउँपालिकाको कार्यालय धकधई अन्तर्गत उद्यम विकास शाखाद्धारा गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम सन्चालन गर्ने क्रममा नयाँ उद्यमी सृजना कार्यक्रम तर्फ आ.व.२०८२।०८३ मा ५५ जनालाई सीप विकास तालिम प्रदान गरिएको छ ।

रोहिणी गाउँपालिका वडा नं.४, पकडिहवामा ५ वटा समुहका २८ जनालाई आधारभूत सिलाई कटाई तालिम प्रदान गरिएको छ भने रोहिणी गाउँपालिका वडा नं.२, बेलराईमा ४ वटा समुहका २७ जनालाई अचार बनाउने तालिम प्रदान गरिएको हो । उधमशिलता विकास तालिम अन्तर्गत व्यवसाय सचेतना,व्यवसाय शुरु, लैंगिंक



## गाउँपालिकाले कवाडी कर संकलन सम्बन्धी सूचना



रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही

समानता तथा सामाजिक समावेशीकरण तालिम लिएका आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित,आदिबासी, जनजाति, मधेशी, मुस्लिम तथा थारु समुदायका महिलाहरुको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन स्थानिय श्रोत तथा साधनमा आधारित वस्तु तथा सेवाहरु उत्पादन गरी सोबाट उद्यमशिलताको विकास गर्दै उक्त ब्यवसायबाट नाफा आर्जन गर्ने,सिप विकास तथा क्षमतावृद्धि गर्ने,स्थानीय स्तरमा रहेका परम्परागत सीपहरुलाई परिमार्जन तथा आधुनिकिकरण गर्दै समुदायका ब्यक्तिहरुलाई उद्देश्यमुलक क्रियाकलाप गराउने र उद्यमशिलताको माध्यमबाट गरीब परिवारहरुको जिबिको पार्जनमा सहयोग पुरयाउन रोहिणी गाउँपालिकाद्धारा तोकेको वडामा सो तालिम प्रदान गरिएको हो ।



## स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन सम्पन्न, सुधारका लागि कार्ययोजना तयार





रोहिणी गाउँपालिका अन्तर्गत रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूको न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards–MSS) मूल्याङ्कन कार्यक्रम सम्पन्न भएको छ। नेपाल सरकारको नियमित कार्यक्रमअन्तर्गत वर्षमा दुई पटक सञ्चालन हुने उक्त मूल्याङ्कनमा स्वास्थ्य संस्थाहरूले प्रदान गर्दै आएका स्वास्थ्य सेवाको गुणस्तर, सेवा प्रवाह, व्यवस्थापन, उपलब्ध स्रोत—साधन तथा सेवा प्रभावकारिताको अवस्थाबारे समीक्षा गरिएको हो। मूल्याङ्कनका क्रममा स्वास्थ्य संस्थाका सबल पक्षसँगै देखिएका कमी—कमजोरी, सुधार गर्नुपर्ने क्षेत्र तथा चुनौतीहरूको पहिचान गरिएको छ। प्राप्त नतिजाका आधारमा आगामी योजना निर्माण गर्नुका साथै स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक सुधारात्मक कार्ययोजना तयार गर्ने कार्यसमेत सम्पन्न गरिएको छ। रोहिणी गाउँपालिकाले स्वास्थ्य सेवालाई थप प्रभावकारी, गुणस्तरीय र नागरिकमैत्री बनाउन नियमित अनुगमन, मूल्याङ्कन तथा सुधारका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ। न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनबाट स्वास्थ्य संस्थाको कार्यसम्पादन सुधार हुनुका साथै स्थानीय नागरिकले थप गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अपेक्षा गरिएको छ।

## तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न





आर्थिक वर्ष २०८२/८३ को तेस्रो चौमासिक अवधिमा सम्पादन भएका विकास निर्माण, सेवा प्रवाह तथा कार्यक्रमहरूको समीक्षा गर्दै सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, कर्मचारी, सरोकारवाला निकायका प्रतिनिधि तथा स्थानीय नागरिकको सहभागिता रहेको थियो। सहभागीहरूले गाउँपालिकाबाट प्रवाह भइरहेका सेवा, विकास आयोजना, शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित विषयमा जिज्ञासा, सुझाव र गुनासो राखेका थिए। गाउँपालिकाका अध्यक्ष तथा सम्बन्धित शाखाका जिम्मेवार उठेका प्रश्नको जवाफ दिँदै सेवा प्रवाहलाई थप प्रभावकारी पारदर्शी, उत्तरदायी र जनमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। साथै, प्राप्त सुझावलाई आगामी योजना तथा कार्यक्रम कार्यान्वयनमा समेटिने विश्वास दिलाइएको छ।







## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि श्रम स्वीकृतिमा सहजीकरण

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई लक्षित गर्दै श्रम स्वीकृति प्रक्रियालाई सहज बनाउन आवश्यक सहजीकरण गरिएको छ। सेवाग्राहीलाई श्रम स्वीकृतिका लागि आवश्यक कागजात तयारी, अनलाइन आवेदन, अभिमुखीकरण तथा सम्बन्धित प्रक्रियाबारे जानकारी प्रदान गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइएको सम्बन्धित निकायले जनाएको छ।

यस सहजीकरणबाट श्रमिकले समयमै श्रम स्वीकृति प्राप्त गर्न सहज हुने, अनावश्यक झन्झट कम हुने तथा वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई थप व्यवस्थित बनाउन सहयोग पुगेको छ। साथै, श्रमिकलाई वैधानिक माध्यमबाट मात्रै वैदेशिक रोजगारीमा जान आग्रह गरिएको छ। यो त्रैमासिकमा २२ जना सेवाग्राहीलाई सहजीकरण सेवा प्रदान गरेको छ।

## रोहिणी गाउँपालिकाले लक्ष्यभन्दा बढी राजस्व संकलन

रोहिणी गाउँपालिकाले आर्थिक वर्ष २०८२।०८३ मा आन्तरिक राजस्व संकलन तर्फ प्रगति हासिल गरेको छ। गाउँपालिकाले कुल प्रक्षेपित राजस्व रकमभन्दा बढी राजस्व संकलन गर्न सफल भएको हो।गाउँपालिकाका अनुसार आर्थिक वर्ष २०८२।०८३ का लागि रु. १ करोड ९६ लाख १२ हजार ८८४ रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा हालसम्म रु. २ करोड १० लाख ९७ हजार ४५६ रुपैयाँ ८० पैसा संकलन भएको छ।संकलित राजस्व कुल प्रक्षेपित रकमको करिब १०७ प्रतिशत रहेको छ।रोहिणी गाउँपालिकाले आगामी दिनमा पनि राजस्व संकलन प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउँदै विकास निर्माण तथा सेवा प्रवाहमा आवश्यक स्रोत परिचालन गर्ने छ।

## आ.व २०८२/०८३ को कार्यप्रगति

| आय अनुमान | वास्तविक आय | आय प्रतिशत |
|---|---|---|
| ६०,०७,८०,००० | ५७,८५,७१,४००.१७ | ९६.३० |

| खर्चको प्रकृति | विनियोजन | वास्तविक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ४०,००,५५,००० | ३२,३४,९७,२२७.५४ | ८०.८६ |
| पुँजीगत | २०,०७,२५,००० | १४,८६,४३,४०९ | ७४.०५ |
| जम्मा | ६०,०७,८०,००० | ४७,२१,४०,६३३.५४ | ७८.५८ |

## रोहिणी गाउँपालिकामा निःशुल्क प्रजनन् स्वास्थ्य शिविर



रोहिणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय (धकधई, रुपन्देही) को आयोजना र युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, शिक्षण अस्पताल (भैरहवा) को प्राविधिक सहयोगमा बोधवार स्वास्थ्य चौकीमा सञ्चालित "प्रजनन् उमेर समूहका महिलाहरूका लागि निःशुल्क स्वास्थ्य शिविर" भव्यताका साथ सम्पन्न भएको छ। शिविरमा प्रदान गरिएका प्रमुख सेवाहरू: महिला तथा स्त्री रोग विशेषज्ञ डाक्टरहरूद्वारा निःशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श, पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ (थर्मोको आगुलेसन/Thermocoagulation विधिबाट रोकथाम),पाठेघर खस्ने (पाठेघर अङ्ग खस्ने) समस्या भएका महिलाहरूका लागि रिङ पेसरी (Ring Pessary) मार्फत व्यवस्थापन, स्तन क्यान्सर, अष्ट्रेटिक फिस्टुला, बाँझोपन तथा महिलाहरूमा हुने विभिन्न प्रकारका सङ्क्रमणहरूको पहिचान र उपचार।

## गुनासो तथा सुझाव दर्ता

यस रोहिणी गाउँपालिका तथा यस अन्तर्गत पर्ने कार्यालयहरुको काम, कारबाही तथा सेवा प्रवाह सम्बन्धी गुनासो तथा सुझाव भएमा कृपया QR कोड स्क्यान गरी गुनासो तथा सुझाव पेश गर्नुहन अनुरोध छ।

## वडाध्यक्ष र वडा सचिवको सम्पर्क विवरण

| वडा नं. | वडाध्यक्षको नाम थर | सम्पर्क नं. | वडा सचिवको नाम थर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | आविद अलि पठान | ९८५७०१५२१९ | राजकुमार मिश्र | ९८५७०१०५२२ |
| २ | करम हुसेन खान | ९८५७०४४७८६ | रबिलाल पौडेल | ९८४९२२६०५४ |
| ३ | वीर बहादूर क्षेत्री | ९८४७०२३१५७ | पुर्णिमा घिमिरे | ९८६७०४८५९० |
| ४ | तारानाथ यादव | ९८४७०३९९३७ | बलिराम चौधरी | ९८५७०१५२८४ |
| ५ | श्री घनश्याम सिह क्षेत्री | ९८५७०२०७३० | लब बहादुर क्षेत्री | ९७४७०८३७२९ |
| ६ | श्री इन्द्रमान चौधरी | ९८०७४३१८३४ | लब बहादुर क्षेत्री | ९७४७०८३७२९ |
| ७ | अन्नान अहमद भाट | ९८४७१३८०२२ | आनन्दलाल कर्ण | ९७४५४०८६२१ |



## रोहिणी गाउॅपालिकाको १९ औं गाउँसभाको, बजेट तथा कार्यक्रम प्रस्तुत




रोहिणी गाउँपालिकाको १९ औं गाउँसभा आज मिति २०८३ साल असार १० गते भव्यताका साथ सम्पन्न भएको थियो। गाउँसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरिएको थियो। गाउँपालिकाका अध्यक्षज्यूको अध्यक्षतामा आयोजित उक्त गाउँसभामा आगामी आर्थिक वर्षका लागि पालिकाको सामाजिक, आर्थिक, पूर्वाधार



गाउँपालिकाका अध्यक्षज्यूको अध्यक्षतामा आयोजित उक्त गाउँसभामा आगामी आर्थिक वर्षका लागि पालिकाको सामाजिक, आर्थिक, पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रको समग्र विकासलाई समेट्दै बजेट तथा नीति-कार्यक्रम सार्वजनिक गरिएको थियो। प्रस्तुत नीति, कार्यक्रम तथा बजेटबारे आवश्यक छलफल गरी सर्वसम्मत पारित गर्ने प्रक्रिया अघि बढाइएको थियो।



## लघु वित्तिय सँस्थामा पहुँचका लागि कार्यक्रम



रोहिणी गाउँपालिकाको कार्यालय धकधई अन्तर्गत उद्यम विकास शाखाद्वारा गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम सन्चालन गर्ने क्रममा लघु उद्यमीहरुलाई लघु वित्तिय सँस्थामा पहुँच विषयक एक दिने अभिमुखीकरण कार्यक्रम सन्चलन गरिएको हो। रोहिणी गाउँपालिका वडा नं.४,पकडिहवामा ५ वटा लघु उद्यमी समुहका लागि सो कार्यक्रम सन्चालन गरिएको थियो । आ.व.२०८२।०८३ को कार्यक्रम अन्तर्गत सो कार्यक्रम सन्चालन गरिएको हो। यसरी





वडा नं.४, पकडिहवामा गठन भएका लघु उद्यमी समुहहरुमा आरती लघु उद्यमी समुह,पार्वती लघु उद्यमी समुह,काजल लघु उद्यमी समुह, लक्ष्मी लघु उद्यमी समुह, सरस्वती लघु उद्यमी समुह रहेका छन। आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित, आदिबासी, जनजाति, मधेशी, मुस्लिम तथा थारु समुदायका महिलाहरुको आर्थिक तथा सामाजिक स्तरमा सुधार ल्याउन स्थानिय श्रोत तथा साधनमा आधारित वस्तु तथा सेवाहरु उत्पादन गरी सोबाट उद्यमशिलताको विकास गर्दै उक्त ब्यवसायबाट नाफा आर्जन गर्ने,सिप विकास तथा क्षमतावृद्धि गर्ने, स्थानीय स्तरमा रहेका परम्परागत सीपहरुलाई परिमार्जन तथा आधुनिकिकरण गर्दै समुदायका ब्यक्तिहरुलाई उद्देश्यमुलक क्रियाकलाप गराउने र उद्यमशिलताको माध्यमबाट गरीब परिवारहरुको जिबिको पार्जनमा सहयोग पुरयाउन रोहिणी गाउँपालिकाले तोकेको वडामा सो कार्यक्रममा २५ जना महिलाहरुको सहभागिता रहेको थियो । उद्यम स्थापना गर्नको लागि रकमको आवश्यकताको परिपूर्ति गर्नको लागि स्थानिय स्तरमा सन्चालनमा रही वित्तिय सेवा प्रवाह गरी रहेका वित्तिय सँस्थाहरुको वित्तिय सेवा प्रवाह तथा कर्जा प्रवाह सम्बन्धि प्रकृयाका बारेमा जानकारी गराइएको थियो ।

रोहिणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय धकधई रुपन्देही rohinigaupalika1@gmail.com rohinimun.gov.np

संरक्षकः श्री विद्या प्रसाद यादव/श्री शिवकान्ती चमार
सम्पादन समितिः श्री दिपा सुवेदी, श्री निता पौडेल
सल्लाहाकारः श्री जगत बहादुर बस्नेत
श्री शान्ती कुमारी यादव
टाइप, सेटिङ तथा डिजाइनः श्री निता पौडेल (सू.प्र.अ)